राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

# प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

# प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत (सचिवस्तर)
मितिः- २०७८/०१/०२

**प्रस्तावना :**

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लाका विद्यालयहरूमा कक्षा शिक्षणको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी शिक्षकहरूलाई पेसागत सहयोगमार्फत सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउन विगतका अभ्यासहरू र प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लाहरूमा गरिएको परीक्षणका नतिजाहरू तथा अनुभवहरूसमेतका आधारमा विद्यालयमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन तथा सिकाइ सहजीकरणलाई दिगो र प्रभावकारी बनाउन आवश्यक भएकाले,

मन्त्रालयले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७" रहने छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनुपर्छ ।

(घ) "एकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय एकाइ सम्झनुपर्छ ।

(ङ) “तालिम केन्द्र” भन्नाले शिक्षा तालिम केन्द्र सम्झनुपर्छ । यो शब्दले शिक्षा तालिम केन्द्र अन्तर्गतका तालिम प्रदायक निकाय समेतलाई जनाउँछ ।

(च) “शाखा” भन्नाले स्थानीय तह अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखा सम्झनुपर्छ ।

(छ) “स्थानीय तह” भन्नाले गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका सम्झनुपर्छ ।

(ज) “आधारभूत तह संयोजक” भन्नाले माध्यमिक विद्यालयमा आधारभूत तहको शैक्षिक व्यवस्थापन गर्न तोकिएको शिक्षक सम्झनुपर्छ ।

(झ) “प्रधानाध्यापक” भन्नाले माध्यमिक वा आधारभूत विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(ञ) “कार्यक्रम” भन्नाले प्रारम्भिक कक्षा पढाइसम्बन्धी कार्यक्रम सम्झनुपर्छ ।

(ट) “विज्ञ समूह” भन्नाले दफा ८ मा उल्लेख भएबमोजिम गठन भएको विज्ञ समूह सम्झनुपर्छ ।

(ठ) “स्रोत शिक्षक” भन्नाले स्थानीय तहले शिक्षक पेसागत सहयोगका लागि तोकेको शिक्षक सम्झनुपर्छ ।

(ड) “शिक्षक” भन्नाले प्रारम्भिक कक्षा (१-३) मा अध्यापन गर्ने शिक्षकलाई सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** यो कार्यविधिका मुख्य उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) प्रारम्भिक कक्षा (१-३) मा अध्यापनरत शिक्षकको शिक्षण सिकाइ क्रियाकलापको अनुगमन तथा सुपरिवेक्षण गरी निरन्तर पेसागत सहयोगसम्बन्धी प्रावधान कार्यान्वयनमा ल्याई विद्यार्थीको सिकाइमा सुधार ल्याउनु ।

(ख) स्थानीय तहमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि संयन्त्र तयार गरी शिक्षक पेसागत सहयोग कार्यलाई थप व्यवस्थित गर्नु ।

४. **पेसागत सहयोगसम्बन्धी व्यवस्था** : प्रारम्भिक कक्षामा विद्यालय तथा स्थानीय तहबाट हुने अनुगमन तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाई शिक्षकलाई आवश्यक पेसागत सहयोग पुऱ्याउन देहायबमोजिमको व्यवस्था गरिने छ :

(क) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र सुपरिवेक्षण गर्दै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनमा शिक्षकलाई प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने जिम्मेवारी मूलतः शाखा र विद्यालयस्तरमा रहने छ ।

(ख) कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा आफ्नो विद्यालयअन्तर्गत प्रारम्भिक कक्षाहरूमा नेपाली विषय पढाउने शिक्षकलाई आवश्यक पेसागत सहयोग प्रदान गर्ने कार्य प्रधानाध्यापकको हुने छ । तर माध्यमिक विद्यालयको हकमा विद्यालयले आधारभूततर्फको संयोजक तोकी जिम्मेवारी प्रदान गर्न सक्ने छ ।

(ग) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयको शिक्षण सिकाइको अवस्था विश्लेषण, स्रोतसाधन र आवश्यकतालाई हेरी शिक्षक पेसागत सहयोगका लागि स्रोत शिक्षकको व्यवस्थापन र परिचालन, विषय विज्ञ समूह गठन तथा परिचालन, विद्यालयमा रहेको मौजुदा अनुभवी र दक्ष शिक्षकहरूमार्फत अन्य शिक्षकहरूलाई सहयोग र सहजीकरण गर्ने व्यवस्था मिलाउने छ ।

(घ) स्थानीय तहमा प्रारम्भिक कक्षा शिक्षकलाई पेसागत सहयोगका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने दायित्व सम्बन्धित शाखा प्रमुखको हुने छ । शाखा प्रमुखले शिक्षकका शैक्षणिक समस्याहरू सुन्ने र एकआपसमा अन्तरक्रिया तथा संवादमार्फत समस्याहरूको समाधान गर्न सहजीकरण गर्ने छ ।

(ङ) शाखाले तोकेको स्रोत शिक्षक वा विषय विज्ञले प्रारम्भिक कक्षा पढाइको कक्षा अवलोकन गरी पठनपाठनको अवस्था तथा पेसागत सहयोगको क्षेत्र पहिचान गरी आवश्यकतानुसार शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने छ ।

(च) प्रारम्भिक कक्षा शिक्षकलाई आवश्यक पेसागत सहयोग पुऱ्याउन स्थानीय तहले स्रोत शिक्षकको व्यवस्थापन र परिचालन गर्न सक्ने छ ।

(छ) पेसागत सहयोगका लागि आवश्यक सक्षमता विकास गर्न आधारभूत तह संयोजक, आधारभूत तहका प्रधानाध्यापक, स्रोत शिक्षक तथा विषय विज्ञलाई अतिरिक्त तालिमको प्रबन्ध गरिने छ । यसका लागि मन्त्रालय र केन्द्रले सम्बद्ध निकायलाई आवश्यकताका आधारमा प्राविधिक सहयोग प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

(ज) निरन्तर पेसागत सहयोगलाई थप व्यवस्थित गर्न शिक्षक, स्रोत शिक्षक, विषय विज्ञ, आधारभूत तह संयोजक, प्रधानाध्यापक तथा शाखा प्रमुखलाई उपयोगी हुने खालका स्वाध्याय सामग्रीहरू केन्द्रमार्फत विकास गरी वितरण गर्ने व्यवस्था मिलाइने छ ।

(झ) शिक्षक पेसागत सहयोगका लागि सम्भावित विकल्पहरू निम्नानुसार हुन सक्ने छन् । स्थानीय तहले यी र यस अतिरिक्त अन्य उपयुक्त विकल्पहरू चयन गरी कार्यान्वयनमा ल्याउन सक्ने छ ।

(१) विद्यालयका प्रधानाध्यापक वा आधारभूत तह संयोजकबाट शिक्षक पेसागत सहयोग र सहजीकरणको व्यवस्था मिलाउने ।

(२) विद्यालय तथा स्थानीय तहमा शिक्षक सिकाइ समूहबिच सिकाइ आदानप्रदानमार्फत पेसागत सहयोगको व्यवस्था मिलाउने ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्र विज्ञ समूह परिचालनमार्फत शिक्षक पेसागत सहयोगको व्यवस्था मिलाउने ।

(४) विद्यालय तथा स्थानीय तहले शिक्षक पेसागत सहयोग अभिवृद्धि गर्न अन्तरविद्यालय अध्ययन भ्रमणको व्यवस्था मिलाउने ।

(५) स्थानीय तहले शिक्षक पेसागत तालिम सञ्चालन गर्ने रोस्टर प्रशिक्षकहरूबाट प्रारम्भिक कक्षा अवलोकन र सुपरिवेक्षण गराई शिक्षकलाई पृष्ठपोषण प्रदान गरी पेसागत सहयोग पुऱ्याउने व्यवस्था मिलाउने ।

(६) स्थानीय तहले तोकेको स्रोत शिक्षकले प्रारम्भिक कक्षा पढाइको कक्षा अवलोकन गरी पठनपाठनको अवस्था तथा पेसागत सहयोगको क्षेत्र पहिचान गरी आवश्यकतानुसार शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने व्यवस्था मिलाउने ।

(७) सूचना र प्रविधिको प्रयोगमार्फत भर्चुअल विधिबाट थप पेसागत सहयोगको व्यवस्था मिलाउने ।

५. **शिक्षकको जिम्मेवारी** : प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) पठन सिप विकास तालिम, अभिमुखीकरण तथा शिक्षक पेसागत विकाससम्बन्धी अन्य कार्यक्रममा सक्रियतापूर्वक भाग लिई त्यसबाट प्राप्त ज्ञान र सिपलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्ने ।

(ख) पाठ्यक्रम र शिक्षक निर्देशिकाले निर्दिष्ट गरेअनुसार कक्षा १, २ र ३ मा दैनिक पठनपाठन कार्य सञ्चालन गर्ने ।

(ग) तालिम प्राप्त शिक्षकले पठन सिप विकास तालिमबाट प्राप्त ज्ञान र सिप विद्यालयका अन्य शिक्षकहरूबिच आदानप्रदान गर्ने । यसका लागि नमुना कक्षा प्रदर्शन, छलफल तथा आवश्यकतानुसार पृष्ठपोषण आदानप्रदान गर्न सकिने ।

(घ) विद्यालयमा नियमित रूपमा सञ्चालन हुने शिक्षक सिकाइ समूहको बैठकमा सक्रिय रूपमा भाग लिई छलफल गर्ने र पठनपाठनमा देखिएका समस्याको समाधान गर्ने ।

(ङ) प्रारम्भिक कक्षा शिक्षणमा आइपरेका समस्याहरू समाधानका लागि प्रधानाध्यापकसँग छलफल गरी समाधानका उपायहरू पहिल्याउने ।

(च) कक्षा १, २ र ३ मा पठन तत्त्वमा आधारित रहेर विकास गरिएका सिकाइ सामग्रीको अधिकतम प्रयोग गरी विद्यार्थीको पठन सिप विकासमा टेवा पुऱ्याउने । यसका अतिरिक्त आवश्यक सामग्रीहरूको सङ्कलन र निर्माण गरी प्रारम्भिक कक्षा शिक्षणलाई प्रभावकारी बनाउने ।

(छ) प्रारम्भिक कक्षा अवलोकन, अनुगमन तथा सुपरिवेक्षणको क्रममा प्राप्त पृष्ठपोषण तथा सुझावहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्ने ।

(ज) शिक्षण सिकाइ क्रियाकलापसम्बन्धी आफ्ना समस्या तथा चुनौतीहरू स्रोत शिक्षक, विज्ञ समूह वा रोस्टर प्रशिक्षकसमक्ष राखी समाधानका व्यावहारिक उपायहरू खोजी र अवलम्बन गर्ने ।

(झ) स्थलगत अध्ययन भ्रमणबाट प्राप्त सिकाइहरूलाई कार्ययोजनासहित कक्षा शिक्षणमा लागु गर्ने ।

६. **प्रधानाध्यापक/आधारभूत तह संयोजकको जिम्मेवारी** : प्रारम्भिक कक्षा शिक्षकलाई पेसागत सहयोग पुऱ्याउन प्रधानाध्यापक तथा आधारभूत तह संयोजकको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) मन्त्रालय तथा केन्द्रबाट कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरूको पूर्ण जिम्मेवारीका साथ विद्यालयमा कार्यान्वयन गर्ने ।

(ख) विद्यालय सुधार योजनामा पठन सिप विकास र शिक्षक पेसागत सहयोगसम्बन्धी क्रियाकलापहरू समावेश गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) कक्षा १, २ र ३ मा पठन तत्त्वमा आधारित भएर विकास गरिएका सिकाइ सामग्रीको उपलब्धताको सुनिश्चित गरी उचित प्रयोग भए, नभएको अनुगमन गर्ने र सोको अधिकतम प्रयोगका लागि शिक्षकलाई आवश्यक सहयोग गर्ने ।

(घ) कक्षा १, २ र ३ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकलाई प्रारम्भिक कक्षा पठन सिप विकास तालिमका लागि छनोट र सिफारिस गर्ने ।

(ङ) तालिम लिई फर्केका शिक्षकबाट तालिममा सिकेका ज्ञान र सिप अरू शिक्षकसमक्ष आदानप्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

(च) कक्षा १, २ र ३ मा यथासम्भव कक्षा शिक्षणको अवधारणा अवलम्बन गर्नुपर्ने ।

(छ) महिनामा कम्तीमा एक पटक कक्षा १,२ र ३ मा कक्षा अवलोकन गरी सम्बन्धित शिक्षकलाई आवश्यक पेसागत सहयोग प्रदान गर्ने । यस

क्रममा विषयवस्तु, शिक्षण विधि तथा शैक्षणिक सामग्रीको प्रयोग जस्ता पक्षहरूमा शिक्षकका समस्याहरू पहिचान गरी सोको समाधान गर्न आवश्यक सहयोग गर्ने । कक्षा अवलोकन गर्दा अनुसूची १ मा दिइएको कक्षा अवलोकन फाराम प्रयोग गर्ने ।

(ज) प्रारम्भिक कक्षा शिक्षकहरूको सिकाइ समूह गठन गरी सो समूहको नियमित रूपमा बैठक बस्न, अनुभवहरूको आदानप्रदान, नवीनतम विधिहरूको खोजी र समस्याहरूको समाधानका लागि पारस्परिक सहयोगको वातावरण मिलाउने ।

(झ) विद्यालयमा त्रैमासिक रूपमा अभिभावक शिक्षक अन्तरक्रिया सञ्चालन गरी विद्यार्थीको पठन सिप विकासमा अभिभावकको सक्रियता बढाउन प्रोत्साहन गर्ने ।

(ञ) विद्यालय तहमा समाधान हुन नसकेका समस्या पहिचान गरी स्थानीय तहमा सञ्चालन हुने मासिक प्रधानाध्यापक बैठकमा प्रस्तुत गरी समाधानका उपायहरू पहिचान गरी शिक्षकलाई सहयोग गर्ने ।

(ट) विज्ञ समूह, स्रोत शिक्षक, रोस्टर प्रशिक्षक तथा शाखा प्रमुख वा अधिकृत कर्मचारीहरूबाट हुने विद्यालय तथा कक्षा अवलोकनलगायतका शिक्षक पेसागत सहयोगसम्बन्धी कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ठ) विद्यालयमा शिक्षक पेसागत सहयोगसम्बन्धी क्रियाकलापको अभिलेख अद्यावधिक गर्ने ।

(ड) स्थानीय तहमा हुने प्रधानाध्यापकको मासिक बैठकमा अनुसूची २ बमोजिमको प्रतिवेदन पेस गरी छलफल गर्ने ।

७. **शाखाको भूमिका** : प्रारम्भिक कक्षा शिक्षकलाई पेसागत सहयोग पुर्‍याउन शाखाको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) विद्यालयहरूको स्थलगत भ्रमण गरी प्रारम्भिक कक्षा पठन शिक्षण विधि र प्रक्रियाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भए, नभएको अनुगमन गरी शिक्षकलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने । कक्षा

अवलोकन गर्दा अनुसूची १ अनुसारको कक्षा अवलोकन फाराम प्रयोग गर्ने ।

(ख) स्थानीय तहको क्षेत्रभित्र सञ्चालन हुने पठन सिप विकास कार्यक्रमलाई थप व्यवस्थित गर्न यो कार्यक्रम सञ्चालन गर्ने विभिन्न निकायहरूबिच समन्वय गर्ने ।

(ग) शैक्षणिक सामग्रीको वितरण, व्यवस्थापन र तिनको प्रयोगको अनुगमन र अभिलेखीकरण गर्ने ।

(घ) स्थानीय तहमा मासिक रूपमा सञ्चालन हुने प्रधानाध्यापकहरूको बैठकमा प्रारम्भिक कक्षा पठनपाठनका क्रममा शिक्षकहरूलाई आइपरेका समस्याहरूमा छलफल गरी समाधान गर्न पहल गर्ने । उक्त बैठकमा विज्ञ समूहका सदस्यहरूलाई कक्षा अवलोकनको अनुभव आदानप्रदान गर्न आमन्त्रण गर्न सकिने ।

(ङ) स्थानीय तहमा प्रारम्भिक कक्षा शिक्षकको पेसागत सहयोगका लागि स्रोत शिक्षक व्यवस्थापन गरी परिचालन गर्ने । आवश्यकताअनुसार स्रोत शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

(च) स्थानीय तहमा शिक्षक पेसागत सहयोगमा टेवा पुर्‍याउन दफा ८ बमोजिम गठन हुने विज्ञ समूह परिचालन गर्ने ।

८. **विज्ञ समूह गठन** : स्थानीय तह शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूमा प्रधानाध्यापक/आधारभूत तह संयोजक तथा शिक्षकहरूलाई पेसागत सहयोग पुर्‍याउन शाखाको सिफारिसमा देहायबमोजिम एक विज्ञ समूह गठन गर्न सक्ने छ :

(क) शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत - संयोजक

(ख) स्थानीय तह क्षेत्रभित्रका विद्यालयहरूमा कार्यरत माध्यमिक तहको नेपाली विषयका शिक्षकहरूमध्येबाट स्थानीय शिक्षा समितिले मनोनित गरेको व्यक्ति तीन जना (कम्तीमा एक जना महिला पर्ने गरी) - सदस्य

(ग) स्थानीय तहको क्षेत्रभित्र बसोबास गर्ने सेवा निवृत्त नेपाली विषयको शिक्षक वा नेपाली विषयमा विज्ञता भएका शिक्षा अधिकृतहरूमध्येबाट शिक्षा समितिले मनोनीत गरेको तीन जना (कम्तीमा एक जना महिला पर्ने गरी) -सदस्य

९. **विज्ञ समूहको भूमिका**: विज्ञ समूहले स्थानीय तहका शाखाले तोकेका विद्यालयहरूमा अनुगमन तथा सुपरिवेक्षण गरी प्रारम्भिक कक्षा पठन सिप अभिवृद्धि गर्न निरन्तर शिक्षक पेसागत सहयोग कार्यमा क्रियाशील रहनुपर्ने छ । उक्त कार्यका लागि निजहरूको जिम्मेवारी निम्नानुसार हुने छ :

(क) स्थानीय तहभित्रका विद्यालयहरूलाई आवश्यकताका आधारमा स्थलगत शिक्षक पेसागत सहयोग उपलब्ध गराउने ।

(ख) शाखाबाट तोकिएका विद्यालयमा तोकिएको समयमा कक्षा १, २ र ३ को नेपाली विषयको कक्षा शिक्षण अवलोकन गरी तोकिएको शिक्षण विधि, प्रक्रिया र सामग्री प्रयोग भए, नभएको यकिन गरी शिक्षकहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने । कक्षा अवलोकन गर्दा अनुसूची १ अनुसारको कक्षा अवलोकन फाराम प्रयोग गर्नुपर्ने ।

(ग) स्थानीय तहमा मासिक रूपमा सञ्चालन हुने प्रधानाध्यापकहरूको बैठकमा सहभागी भई पठन सिप विकास र शिक्षक पेसागत सहयोगका बारेमा समीक्षात्मक छलफल सञ्चालन गर्ने ।

(घ) कक्षा अवलोकनका क्रममा पाठ्य तथा कार्यपुस्तक, शिक्षक निर्देशिका र अन्य शैक्षणिक सामग्रीको प्रयोगका बारेमा शिक्षक तथा प्रधानाध्यापकलाई आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) प्रारम्भिक कक्षा पठनसम्बन्धी खोज/अनुसन्धान गरी प्राप्त नवीनतम ज्ञान तथा सिप शिक्षक तथा प्रधानाध्यापकसमक्ष सम्प्रेषण गर्ने ।

(च) विद्यालय अवलोकनका क्रममा आवश्यकताअनुसार नमुना कक्षा प्रदर्शन गर्ने, शिक्षण सिप विकासका लागि छोटो अवधिको कार्यशाला सञ्चालन गर्ने ।

(छ) प्रारम्भिक कक्षाको अवलोकनपश्चात अनुसूची २ बमोजिमको प्रतिवेदन सम्बन्धित शाखामा पेस गर्ने ।

१०. **स्थानीय तहको भूमिकाः** प्रारम्भिक कक्षा शिक्षकलाई निरन्तर पेसागत सहयोग पुऱ्याउने सम्बन्धमा स्थानीय तहको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) स्थानीय तहमा शिक्षासम्बन्धी नीति तर्जुमा गर्दा शिक्षक पेसागत सहयोगसम्बन्धी क्षेत्रलाई प्राथमिकता दिने ।

(ख) स्थानीय तहको शिक्षासम्बन्धी आवधिक तथा वार्षिक योजना तर्जुमा गर्दा प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोगसम्बन्धी कार्यक्रमहरू समेत समावेश गर्ने ।

(ग) कार्यक्रमलाई संस्थागत गर्न पठन सिप विकास र शिक्षक पेसागत सहयोगसम्बन्धी क्रियाकलापहरूका लागि आवश्यक संरचना र बजेटको व्यवस्था गर्ने ।

(घ) स्थानीय तहले आफ्नो मातहतका विद्यालयहरूलाई प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले विषय विज्ञ समूह गठन र तिनको क्षमता विकास गरी परिचालन गर्ने ।

(ङ) शिक्षक पेसागत सहयोगका लागि विद्यालयका प्रधानाध्यापक/आधारभूत तह संयोजकलाई कक्षा शिक्षण अवलोकन तथा शिक्षकलाई पृष्ठपोषण प्रदान गर्न अभिप्रेरित गर्ने ।

(च) शिक्षक पेसागत सहयोगका लागि स्थानीय स्तरमा स्रोत शिक्षकको व्यवस्थापन तथा परिचालन गर्ने ।

(छ) शिक्षक पेसागत सहयोग कार्यविधि कार्यान्वयनको समीक्षा बैठक गरी सुधारका लागि आवश्यक योजना तर्जुमा र कार्यान्वयन तथा अभिलेखीकरण गर्ने ।

(ज) प्रारम्भिक कक्षा शिक्षक पेसागत विकास तथा सहयोगमा शाखा तथा शैक्षिक संस्थाहरूलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

११. **एकाइको भूमिका** : कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न एकाइको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) प्रारम्भिक कक्षा शिक्षणको अनुगमन र सुपरिवेक्षणका लागि स्थानीय तह र विद्यालयसँग समन्वय र सहजीकरण गर्ने ।

(ख) सम्बन्धित स्थानीय तहसँगको समन्वयमा शिक्षक पेसागत सहयोगका लागि तालिम, गोष्ठी, छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने ।

(ग) जिल्लाभित्रका विद्यालयहरूको कक्षा अवलोकन गरी सुधारका लागि पृष्ठपोषण र आवश्यक निर्देशन दिने । कक्षा अवलोकन गर्दा अनुसूची १ अनुसारको फाराम प्रयोग गर्ने ।

(घ) विद्यालय अनुगमनका क्रममा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा प्रारम्भिक कक्षामा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूसँग शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि कार्यान्वयनको अवस्थाबारे छलफल गरी आवश्यक निर्देशन दिने ।

१२. **तालिम केन्द्रको भूमिका** : प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोगका लागि तालिम केन्द्रको भूमिका देहायबमोजिम हुने छ :

(क) शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने हेतुले शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहसँगको समन्वयमा शिक्षक पेसागत तालिम योजना तर्जुमा गर्ने ।

(ख) एकाइ र स्थानीय तहसँगको समन्वयमा शिक्षक पेसागत सहयोग तालिम सामग्रीको व्यवस्थापन, प्रशिक्षक तयारी र तालिम सञ्चालन गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालित शिक्षक पेसागत सहयोग तालिम कार्यक्रमको अनुगमन गरी आवश्यक सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

(घ) शिक्षक पेसागत सहयोगका लागि आवश्यकताका आधारमा विद्यालयका प्रधानाध्यापक, विज्ञ समूह, स्रोत शिक्षक, शाखा र एकाइका कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) समय समयमा विद्यालय अनुगमन गरी प्रारम्भिक कक्षामा पठन सिप तालिमअनुसारका कक्षा सञ्चालन भए नभएको यकिन गरी शिक्षकहरूलाई स्थलगत पेसागत सहयोग प्रदान गर्ने ।

१३. **निर्देशनालयको भूमिका** : प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग कार्यक्रमको कार्यान्वयनका लागि निर्देशनालयको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) प्रदेशभित्र शिक्षक पेसागत सहयोगका लागि सरोकारवाला निकायहरूबिच आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ख) प्रदेशभित्र शिक्षक पेसागत सहयोगसम्बन्धी कार्यक्रम कार्यान्वयनको अनुगमन र सुपरिवेक्षण गर्ने ।

(ग) शिक्षक पेसागत सहयोग कार्यक्रम कार्यान्वयनको अनुगमन गरी शिक्षा तालिम केन्द्र, एकाइ तथा शाखासँगको समन्वयमा सुधारका लागि आवश्यक सहयोग गर्ने ।

(घ) गुणस्तर सुधारमा उल्लेख्य काम गरेका विद्यालय तथा शिक्षकलाई एकाइ र शाखासँगको समन्वयमा पुरस्कृत गर्ने ।

१४. **सामाजिक विकास मन्त्रालयको भूमिका** : प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) शिक्षक पेसागत विकास तथा सहयोगका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि कार्यान्वयनमा मार्गदर्शन र सहजीकरण गर्ने ।

(ग) प्रदेशस्तरीय सरोकारवालाहरूबिच समीक्षात्मक बैठक सञ्चालन गरी शिक्षक पेसागत सहयोगका लागि आवश्यक पहल गर्ने ।

१५. **केन्द्रको भूमिका**: प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न केन्द्रको भूमिका देहायबमोजिम हुने छ :

(क) शिक्षक पेसागत सहयोगसम्बन्धी कार्यविधि, निर्देशिका, तालिम तथा अन्य स्रोत सामग्री विकास तथा वितरण गर्ने ।

(ख) शिक्षक पेसागत सहयोगसम्बन्धी योजना तर्जुमा, स्रोत व्यवस्थापन, कार्यक्रम कार्यान्वयन निर्देशिका विकास तथा कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(ग) विभिन्न तहमा कार्यरत जिम्मेवार पदाधिकारीहरूको क्षमता विकास गर्न आवश्यक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने ।

(घ) पाठ्यक्रम विकास केन्द्र र पढाइ सिप विकास कार्यक्रम कार्यान्वयनका साझेदार संस्थाहरूसमेतको सहयोगमा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ङ) शिक्षक पेसागत सहयोग कार्यविधि कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गर्ने र सुधारका उपायहरूको अवलम्बन गर्ने ।

१६. **मन्त्रालयको भूमिका** : कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मन्त्रालयको जिम्मेवारी देहायबमोजिम हुने छ :

(क) मन्त्रालयले शिक्षक पेसागत सहयोगसम्बन्धी नीति निर्माण गर्ने ।

(ख) शिक्षक पेसागत सहयोगसम्बन्धी नीति कार्यान्वयनका लागि विकास साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(ग) शिक्षक पेसागत सहयोगसम्बन्धी नीति कार्यान्वयनका लागि सम्बद्ध निकाय तथा सङ्घ संस्थाहरूलाई मार्गनिर्देश गर्ने ।

१७. **विविध** :

**(क) प्रचलित कानुनबमोजिम** : यस कार्यविधिमा नपरेका विषयहरू प्रचलित ऐन नियमअनुसार हुने छन् ।

**(ख) कर्तव्यः** प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनका सन्दर्भमा दिइने निर्देशन तथा परिपत्र पालना गर्नु सम्बद्ध सबै पदाधिकारी र शिक्षकको कर्तव्य हुने छ ।

**(ग) संशोधन तथा परिमार्जन** : (१) यस कार्यविधिका कुनै प्रावधानहरू शिक्षा ऐन तथा नियमसँग बाझिएको हकमा प्रचलित शिक्षा ऐन र नियमावलीबमोजिम नै हुने छ ।

(२) यो कार्यविधि स्वीकृत गर्ने निकाय वा पदाधिकारीले यस कार्यविधिमा आवश्यक संशोधन, थप, घट वा खारेजी गर्न सक्ने छ ।

**(घ) खारेजी तथा बचाउः** शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७४ खारेज गरिएको छ । उक्त कार्यविधिअनुसार भए गरेका कार्यहरू यस कार्यविधिअनुसार भएको मानिने छ ।

## अनुसूची–१

एकीकृत पाठ्यक्रम, नेपाली विषय

(राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम)

# शिक्षक पेसागत सहयोग कक्षा अवलोकन फाराम

| | | | |
|---|---|---|---|
| जिल्लाः<br><br>स्थानीय तहः | विद्यालयको नाम :<br><br>EMIS कोड : | मिति : | अवलोकनकर्ताको नाम : |
| कक्षाः | शिक्षकको नाम : | | कुल विद्यार्थी सङ्ख्या |
| घण्टीः | समय : ......देखि .....सम्म | | उपस्थित विद्यार्थी सङ्ख्या |

प्रत्येक अवलोकन खण्डका सम्बन्धमा तपाईंलाई सोध्न वा सम्झनुपर्ने विषयहरू भए टिप्पणी खण्डमा लेख्नुहोस् । तलका कथनहरू कक्षा १, २ वा ३ का लागि मात्र उपयोगी हुन सक्ने छन् । यदि कुनै कुरा तपाईंले अवलोकन गर्नुभएको कक्षामा सान्दर्भिक हुँदैन भने त्यसलाई टिप्पणी खण्डमा उल्लेख गर्नुहोस् ।

**खण्ड (क) सिकाइ वातावरण तथा कक्षाकोठा व्यवस्थापन**

| | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
|---|---|---|---|---|
| शिक्षकले प्रारम्भिक कक्षा पठन/एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम प्राप्त गरेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| विद्यार्थीको समूह बनाएर शिक्षण क्रियाकलाप तथा गतिविधि अवलोकन गर्न मिल्ने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन मिलाइएको | | | | |
| कक्षाकोठामा शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन उपयुक्त रूपमा भएको | | | | |
| उपयुक्त कक्षागत पुस्तकालय व्यवस्थापन भएको | | | | |
| कक्षागत पुस्तकालयमा भएका पुस्तकमा विद्यार्थीहरूको सहज पहुँच तथा घरमा लैजान पाउने व्यवस्था रहेको | | | | |
| कक्षाकोठामा पर्याप्त छपाइ सामग्रीको व्यवस्था भएको (पोस्टर, शिक्षक विद्यार्थी निर्मित सामग्री तथा अन्य शैक्षिक सामग्री प्रदर्शन) | | | | |
| **खण्ड (ख) पठन तत्त्वसँग सम्बन्धित शिक्षण सिकाइ** | | | | |
| **१. ध्वनि सचेतीकरण** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकले वर्ण, शब्द तथा शब्दांशलाई उच्चारण, पहिचान र ध्वनि फेरबदल (शिक्षक निर्देशिकाअनुसार) सही तरिकाले गराउने गरेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| शिक्षकले ध्वनि सचेतीकरण (उच्चारण) गराउँदा बालबालिकालाई परेको कठिनाइ बुझी सहयोग गर्ने गरेको | | | | |
| २. **लेख्य वर्ण सचेतीकरण** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकद्वारा नमुना प्रदर्शन गरिएको र विद्यार्थीले ध्वनि र सङ्केत बिचको सम्बन्ध पहिचान गरी अभ्यासको अवसर पाएको | | | | |
| शिक्षकले सही तरिकाले अक्षर तथा शब्दांश टुक्र्याउने तथा जोड्ने सिपको प्रदर्शन गर्ने गरेको र सो प्रक्रियामा विद्यार्थीलाई अभ्यासको अवसर दिइएको | | | | |
| शिक्षकले सिकाइएका वर्ण तथा शब्दांशको प्रयोगद्वारा शब्द तथा वाक्यको विसङ्केतीकरणको अभ्यास गराउने गरेको | | | | |
| ३. **सस्वर/नमुना पठन कक्षा सुनाइ** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकले चित्रमा आधारित अनुमान छलफल गरेको गराएको | | | | |
| शिक्षकले उपयुक्त नमुना प्रदर्शन गरेको | | | | |
| शिक्षकले विद्यार्थीलाई बोधसँग सम्बन्धित प्रश्न गरेको | | | | |

| **४. स्वअध्ययन विसङ्केतन पठन प्रवाह** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
|---|---|---|---|---|
| शिक्षकले विभिन्न विधि अपनाएर (स्वअध्ययन, समूहगत पठन तथा पाठ/कथा पढी सकेपछि) प्रश्नोत्तर गरेको | | | | |
| **५. शब्दभण्डार तथा बोध** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकले शब्द शिक्षणमा उपयुक्त सामग्री प्रयोग गरी तोकिएका शब्दहरूलाई उच्चारण अर्थ र प्रयोग (जोडा मिलाउने, उल्टो वा पर्यायवाची, वाक्यमा प्रयोग आदि) गरेको | | | | |
| बोधः सबै विद्यार्थीहरूले पाठमा आधारित अनुमान, छलफल, प्रश्नोत्तर, प्रतिक्रिया र सारांशसहित बोधको अवसर प्राप्त गरेको | | | | |
| **६. लेखाइ सिप** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकले उपयुक्त लेखाइ सिपको नमुना प्रदर्शन गर्दै सबै विद्यार्थीलाई सो क्रियाकलापमा अवसर र सहभागिता गराएको | | | | |
| (वर्ण र मात्रा लेखन, हिज्जे, अनुलेखन, श्रुति लेखन, प्रश्नको उत्तर र स्वतन्त्र लेखन अभ्यास सम्म) | | | | |

| **खण्ड (ग) शिक्षकको तयारी र प्रस्तुति** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
|---|---|---|---|---|
| शिक्षक पाठका लागि - (शैक्षणिक सामग्रीहरूको तयारी, शिक्षक निर्देशिका) तयारी अवस्थामा रहेको | | | | |
| शिक्षण सिकाइका क्रममा क्रमिक सिकाइ प्रक्रिया अवलम्बन गरेको (म गर्छु, हामी गरौँ र तिमी गर) | | | | |
| विद्यार्थी अभ्यासका क्रममा शिक्षकले अवलोकन तथा सिकाइमा समस्या देखिएका विद्यार्थीलाई सहयोग गर्ने गरेको | | | | |
| पाठ शिक्षणका क्रममा शिक्षकले विद्यार्थीको औपचारिक तथा अनौपचारिक सिकाइ (अभ्यास पुस्तिका जाँच गर्ने, परीक्षण / अभिलेख राख्ने) मापन गर्ने गरेको | | | | |

| **खण्ड (घ) अवलोकनको सारांश** |
|---|
| कक्षा अवलोकनपश्चात् शिक्षकसँग अनुभव आदानप्रदान सुझाव र पृष्ठपोषणका लागि तल उल्लेख गरिएका बुँदाहरूका आधारमा तयारी गर्नुहोस् । |
| शिक्षकले शिक्षणका क्रममा गरेका दुई तीनओटा राम्रा कार्यहरू के के हुन् ?<br>१<br>२<br>३ |

| |
|---|
| शिक्षकले सुधारका लागि मुख्य दुई तीनओटा कार्यहरू के के देख्नुहुन्छ ?<br><br>१<br><br>२<br><br>३ |
| खण्ड (ङ) कक्षा अवलोकनपश्चात् शिक्षण सुधारको योजना के हो ?<br><br>१<br><br>२<br><br>३ |

नोटः यस कक्षा अवलोकन फाराम एकीकृत पाठ्यक्रम नेपाली विषय (राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम) ले अपेक्षा गरेको पठन सिप सुधारका लागि विकसित सामग्री र सन्दर्भका आधारमा तयार पारिएको छ। अन्य विषयका सन्दर्भमा विषयगत सक्षमताका आधारमा अनुकूलन गर्नुपर्ने छ।

## अनुसूची - २

# मासिक प्रतिवेदन फाराम - नमूना

शिक्षक पेसागत सहयोग

(राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम)

................ महिना, २०........ साल

| **१. विद्यालय विवरण** | | | |
|---|---|---|---|
| विद्यालयको नाम तथा ठेगाना : | | | |
| पालिकाको नाम तथा ठेगाना : | | | |
| कक्षा १-३ को शिक्षणको व्यवस्था (कक्षा शिक्षण, विषयगत शिक्षण वा बहुकक्षा शिक्षण) | कक्षा १ : ..........<br>कक्षा २ : ..........<br>कक्षा ३ : .......... | नेपाली विषयलाई प्रतिदिन छुट्याइएको समय | कक्षा १ : ...........<br>कक्षा २ : ...........<br>कक्षा ३ : ........... |
| विद्यार्थी कुल हाजिरी | कक्षा १ : ............ | कक्षा २ : ........ | कक्षा ३ : ........... |

**२. सिकाइ वातावरण तथा कक्षाकोठा व्यवस्थापन**

| क्षेत्र | छ | छैन | आंशिक | टिप्पणी |
|---|---|---|---|---|
| प्रत्येक कक्षा १, २ र ३ मा शिक्षण सिकाइ सामग्री कक्षाकोठामा व्यवस्थापन भएको | | | | |
| प्रत्येक कक्षा १, २ र ३ मा सन्दर्भ सामग्री कक्षाकोठामा व्यवस्थापन भएको | | | | |
| कक्षाकोठामा सिकाइका लागि उपयुक्त रहेको (झ्याल ढोका, डेस्कबेन्च, हावा आवतजावत् र उज्यालो) | | | | |

| | | | | |
|---|---|---|---|---|
| नेपाली विषय शिक्षण घण्टी प्रतिदिन ६० मिनेटको रहेको | | | | |
| **३. निर्देशनात्मक अभ्यास** | | | | |
| शिक्षकले नियमित रूपमा शिक्षक निर्देशिका प्रयोग गरेको | | | | |
| पाठ्य तथा कार्यपुस्तकको अभ्यास पुस्तिकाको प्रयोग उपयुक्त तरिकाबाट भएको र हालसम्म कतिऔं दिन पुगेको | | | | |
| प्राविधिक सहयोगकर्ताबाट शिक्षकलाई पुगेको सहयोग | | | | |
| यस महिनामा कति पटक कति शिक्षकलाई सहयोग प्रदान गरियो | | | | |
| शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीको प्रयोग भएको | | | | |
| शिक्षण सिकाइका सन्दर्भमा एकीकृत पाठ्यक्रमसँग क्रमिक सिकाइ पद्धति प्रयोगमा भएको | | | | |
| पठन तत्त्वगत आधारमा शिक्षण भएको | | | | |
| **४. समुदाय, अभिभावक सहभागिता** | | | | |
| विद्यालयमा अभिभावक उपस्थिति हुने गरेको यस महिनामा जम्मा कति अभिभावक उपस्थित भए ? | | | | |
| अभिभावकले आफ्ना बालबालिकाको पढाइका बारेमा छलफल गर्ने गरेको । यस महिनामा कति अभिभावकले आफ्ना बालबालिकासँग पढाइका बारेमा छलफल गरेको पाइयो ? | | | | |
| **५. परीक्षण तथा मूल्याङ्कन** | | | | |
| निरन्तर मूल्याङ्कनको प्रयोग भएको | | | | |

| | | | | |
|---|---|---|---|---|
| उपचारात्मक शिक्षण व्यवस्था तथा अभ्यास भएको | | | | |
| कक्षाकोठामा आधारित पठन सिप परीक्षण विद्यालयले गर्ने गरेको | | | | |
| कक्षाकोठामा आधारित पठन सिप परीक्षणका बारेमा अभिभावकसँग गर्ने गरेको | | | | |

**६. यो महिनामा पठन सिपसम्बन्धी विद्यालयमा भएको क्रियाकलाप गतिविधि तथा कार्यक्रम**

**७. मुख्य समस्या, चुनौती र समधानका लागि गरिएका प्रयास**

**८. मुख्य उपलब्धि**

| ९. अन्य केही भए |
|---|
| |
| **विचार** |
| विषय शिक्षकको विचार<br><br><br><br>प्रधानाध्यापकको विचार<br><br><br><br> |

यस प्रतिवेदनमा महिनाभरि गरेका कक्षा अवलोकनका साधन र मासिक बैठकको कपी अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ ।

| **प्रतिवेदन तयारकर्ता** | **प्रमाणित गर्ने** |
|---|---|
| नाम : ...................................... | नाम : ........................................ |
| दस्तखत : ................................. | दस्तखत : ................................... |
| पद : ....................................... | पद : ......................................... |
| मिति : ............................. | मिति : ............................. |

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर